पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा
२०७३

प्रतिलिपि प्रमाणित
रुद्र बहादुर मल्ल
(प्रमुख प्रशासकिय अधिकृत)

**निर्णय नं १**

२०७५ श्रावण २० गतेको कार्यपालिकाको बैठक तथा योजनासंचालन कार्यविधी अनुसार आर्थिक वर्ष २०७५/०७६ मा संचालन हुने गरी नगर सभावाट पारित योजनाहरुको सम्झौता पौष मसान्तसम्म गरि सक्नु पर्ने कार्यतालिका पास भएकोमा विविध कारणले गर्दा उक्त समयावधीमा सम्झौता हुन सक्ने नदेखिएको हुँदा सम्झौता गर्ने समय सिमा १५ दिन थप गरी २०७५ माघ १५ सम्म पुऱ्याउने निर्णय गरियो ।

**निर्णय नं २**

आर्थिक वर्ष २०७४/०७५ मा उपभोक्ता समितिवाट योजना संचालन भई तोकिएको समयमा बढी जनसहभागिता जुटाई गुणस्तरीय काम गर्नेहरु मध्ये १४ वटै वडाका एक/एक वडाका उपभोक्ता समितिलाई पुरस्कृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ३**

चालु आ.व.मा शौचालय निर्माणको लागि विनियोजित रकम मध्येवाट देहायका स्थानहरुमा सार्वजनिक शौचालय निर्माण गर्ने निर्णय गरियो ।

क) पुतलीवजार ११, जाडखोला शौचालय (अनुमोदन)
ख) पुतलीवजार १२, मनकामना मन्दिर शौचालय
ग) पुतलीवजार २, हुडीकोट शौचालय,
घ) पुतलीवजार १०, धिम्रीगाउँ समाजघर शौचालय
ङ) पुतलीवजार ११, मायाटारी शौचालय
च) पुतलीवजार १० शिद्धवावा मन्दिर शौचालय,
छ) पुतलीवजार १४, क्रियापानी शौचालय,
ज) पुतलीवजार १३, मातृभुमि शौचालय,
झ) पुतलीवजार ४, डिस्को चौपारी शौचालय,
ञ ) पुतलीवजार ७, बाँचपुर शौचालय

**निर्णय नं ४**

मिति २०७५ माघ १२ गते विहान ७:३० वजे देखि नगर कार्यपालिका सदस्य ,वडा समितिका सदस्य, लगायत सम्बन्धीत सरोकारवालाहरुको सहभागितामा बृहत राजमार्ग (भालुपहाड - हेलु ) सरसफाई कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं ५**

केही वडाहरुमा केही घरधुरीहरुवाट सेफ्टी टंकी नवनाई दिशा पिसाव फोहर ढल वा सडकमा मिसाएको भन्ने जानकारी प्राप्त भएको हुँदा उक्त कार्य वातावरण एवं सरसफाईका हिसावले डण्डनीय समेत भएको हुँदा त्यस्ता कार्य गर्न तुरुन्त रोक लगाउने र अटेर गरी आदेश पालना नगरेमा वडावाट दिईने सेवा समेत रोक्ने सम्मका कारवाही गर्ने गरी वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं ६**

सात सय कोल्मा बहाकोट सम्पर्क मञ्चद्धारा आयोजित क्रसकन्ट्री दौड प्रतियोगिता २०७५ लाई यस नगरपालिका र अर्न्तगतका सवै वडा र वडामा रहेकै सम्पूर्ण सामाजिक संघ संस्थाहरुले यथासक्य आर्थिक,भौतिक एवं नैतिक सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं ७**

माघे सक्रान्ती/माघी पर्वका अवसरमा यही २०७५ माघ १ गते नगरपालिका र यस अर्न्तगत वडा कार्यालय, शिक्षण संस्था स्वास्थ्य संस्थामा सार्वजनिक विदा दिने निर्णय गरियो ।

**निर्णय नं ८**

स्याङजा अस्पतालमा सोलार खरिद गर्न रु २५,००,०००। (पच्चीस लाख) विनियोजन भएकोमा हाल अस्पतालको आवश्यकता र सम्भावनालाई मध्यनजर गर्दै उक्त रकमवाट जेनरेटर खरिद र भवन निर्माण शिर्षक लगायतमा खर्च गर्ने गरी अस्पताल व्यवस्थापन समितिसँग सम्झौता गराई कार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं ९**

यस नगरपालिकाका निम्न योजनाहरु संचालन गर्न अति आवश्यक देखिएको तर नगरपालिकाको मात्र वजेटवाट सम्पन्न गर्न सम्भव नदेखिएको हुँदा नेपाल सरकारको स्वीकृत समपूरक अनुदान संचालन कार्यविधी अनुसार नेपाल सरकार अर्थ मन्त्रालयमा योजना प्रस्ताव गरी पठाउने निर्णय गरियो ।

१) रजस्थल खेल मैदान,पुतलीवार वडा नं १४
२) सेवादी भुजुङे जसपुर सडक, पुतलीवार वडा नं १३ र १४
३) वाडखोला नयाँवजार मसर्गा मोहरिया दुलेगौडा सडक पुतलीवार वडा नं ३,५ र ७